म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २९ २०८० मंसिर ३० गते शनिबार 16 December 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि

## समृद्धको वार्षिकोत्सवमा अस्पताललाई पुस्तक सहयोग




*हेटौँडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटालाई पुस्तक हस्तान्तरण गर्नुहुँदै समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठ ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकको वार्षिकोत्सवको अवसरमा हेटौँडा अस्पताललाई पुस्तक हस्तान्तरण गरिएको छ । चौधौं वार्षिकोत्सवको अवसरमा शुक्रबार चियापान कार्यक्रमको आयोजना गरेर समृद्ध समाज राष्ट्रिय दैनिकले २५ हजार रुपैयाँ बराबरको करिब एक सय वटा पुस्तक सहयोग गरेको हो । अस्पतालमा उपचाररत विरामी र कुरुवालाई अध्ययनको अवसर हुनुका साथै पठन संस्कृतिको समेत विकास हुने अपेक्षासहित अस्पताललाई पुस्तक हस्तान्तरण गरिएको समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले बताउनुभएको छ ।

सम्पादक श्रेष्ठले हेटौँडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटालाई पुस्तक हस्तान्तरण गर्नुभयो । सम्पादक श्रेष्ठले पठन संस्कृतिको विकास गर्न जरुरी रहेको उल्लेख गर्नुहुँदै पत्रिकाप्रति पाठकलाई आकर्षित गर्न पनि पठन संस्कृतिको आवश्यकता रहेको औंल्याउनुभयो । पठन संस्कृतिको विकासकै लागि विद्यालय तहका विद्यार्थीलाई नियमित समृद्ध समाज दैनिक पढाउने प्रयास गरिएको र विद्यालयहरुबाट पनि सहयोग प्राप्त भइरहेको सम्पादक श्रेष्ठले उल्लेख गर्नुभएको छ ।

एभोकाडो एण्ड अर्किड रिसोर्टमा शुक्रबार सम्पन्न कार्यक्रममा आमन्त्रितले पनि अस्पतालका लागि पुस्तक हस्तान्तरण गरेका छन् । चियापन कार्यक्रममा सहभागी हुन आमन्त्रित अतिथिले पनि अस्पतालमा पुस्तक हस्तान्तरण कार्यक्रमप्रति समर्थन जनाउँदै एक सय थान पुस्तक हस्तान्तरण गरेका छन् । कार्यक्रममा सहभागी हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसका प्रिन्सीपल पुरनबहादुर जोशीले १० हजार रुपैयाँ बराबरको पुस्तक सहयोग गर्ने घोषणा गर्नुभयो ।

हेटौँडाबाट प्रकाशन हुने प्रमुख दैनिक समाचारपत्रको रुपमा रहेको समृद्ध समाज दैनिक प्रेस काउन्सिल नेपालको वितरण संपरीक्षणमा क वर्गको पत्रिका हो । यसअघिका २ वर्ष समृद्ध समाज राष्ट्रिय दैनिकको वार्षिकोत्सवको अवसरमा आमन्त्रित सबैलाई पुस्तक वितरण गर्ने गरिएको थियो । यस वर्ष भने अस्पतालमा उपचाररत विरामी र विरामीका कुरुवालाई अध्ययनमा प्रेरित गर्न पुस्तक हस्तान्तरणको योजना बनाइएको उहाँको भनाइ थियो । अस्पताललाई हस्तान्तरण गरिएको पुस्तक विभिन्न वार्डमा उपचाररत विरामी र तिनका कुरुवालाई लक्षित गरी अस्पताललाई हस्तान्तरण गरिएको सम्पादक श्रेष्ठले स्पष्ट पार्नुभएको छ ।

## मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको सार्वजनिक सुनुवाई

समाज संवाददाता

हेटौँडाः प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र मकवानपुरको आयोजनामा सार्वजनिक सुनुवाई कार्यक्रम भएको छ । शुक्रबार हेटौँडा-५ स्थित केन्द्रको कार्यालयमा कार्यक्रम भएको हो ।

कार्यक्रममा केन्द्रको कुल क्षेत्रफल ४७.९ हेक्टरमध्ये जलाशयको क्षेत्रफल १७.६९ रहेको जानकारी दिइएको छ । केन्द्रमा पोखरीको संख्या ४४ रहेकोमा ३५ वटा पोखरी प्रयोगमा आएको बताइएको छ ।

केन्द्रले प्राकृतिक जलाशय र त्यसमा रहेको माछालगायत जलीय जीवहरुको सूची तयार र अद्यावधिक गर्ने, प्राकृतिक जलशायमा सम्भाव्यता अध्ययन, सरोकारवाला निकाय र संघ संस्थाबीच समन्वय र उपयुक्त कार्यक्रम निर्धारण एवम् कार्यान्यन गर्ने गरेको बताइएको छ । प्राकृतिक जलाशयमा जलीय विविधता कायम राख्न संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गरेको, प्राकृतिक जलाशयमा उपयुक्त हुने माछा तथा सम्भाव्य अन्य जलीय प्रजातिहरुको विकास गर्ने, मत्स्य रोग, मत्स्य दाना र पानीको गुणस्तरसम्बन्धी प्रयोगशाला सेवा सञ्चालन गर्ने गरेको र मत्स्य बिज उत्पादन, वितरण र मत्स्य प्राविधिक सेवा प्रदान गर्ने गरेको बताइएको छ ।

आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७९/०८० सम्ममा राजश्वमा वार्षिक औसत ४ लाख रुपैयाँले वृद्धि भएको कार्यक्रममा जानकारी दिइएको छ । केन्द्रमा ७ विकासे जातका माछाको मात्र प्रजनन् तथा भुरा बिक्री वितरण हुँदै आएकोमा हाल २ जातका स्थानीय तथा लोपोन्मुख सहर र गर्दी जातको माछाको साथै १ सौन्दर्य जातको रंगीन कोइकार्प माछा प्रजनन् तथा भुरा बिक्री वितरणको क्रममा रहेको जनाइएको छ ।

केन्द्रबाट वार्षिकरुपमा ४ दशमलब ५ करोड ह्याचरिङ र ३५ लाख फ्राई तथा फिङ्गरलिङ्ग माछाको भुराहरु कृषकहरुलाई बिक्री वितरण गर्दै आएको छ । विगतका वर्षभन्दा ह्याचरिङमा ३ करोड र फ्राई तथा फिङ्गरलिङ्गमा १० लाखले वृद्धि भएको जनाइएको छ ।

आर्थिक वर्ष २०७५/०७६ देखि प्राकृतिक जलाशय, जलीय जैविक विविधतासम्बन्धी अध्ययन अनुसन्धानको क्रममा राप्ती नदी, स्यार्पू ताल, बागमती नदी, सामरी नदी, बकैया नदी, अरुण नदी, कोशी नदी, कर्णाली नदी, बेगनास ताल आदि नदी तथा तालहरुमा माछाको विविधता सम्बन्धी जाँच तथा अभिलेख राखिएको बताइएको छ । जसबाट ४५ प्रजातिको माछा नमुना संकलन गरिनुका साथै पानीको गुणस्तर जाँचसमेत गरिएको छ ।

दिगो विकासका लागि मत्स्य क्षेत्रमा सघन मत्स्यपालन मत्स्य विकास कार्यक्रम, चिसो पानी मत्स्य विकास कार्यक्रम, मत्स्य रोग तथा क्वारेन्टाइन व्यवस्थापन कार्यक्रम, सौन्दर्य माछा विकास कार्यक्रम, एकीकृत मत्स्य विकास कार्यक्रम पिँजडामा मत्स्यपालन प्रवर्द्धन कार्यक्रम, जलीय जीव तथा वनस्पति विकास कार्यक्रम, स्थानीय माछा प्रजनन तथा प्रवर्द्धन कार्यक्रम गरेको कार्यक्रममा जानकारी दिइएको छ । केन्द्रको भावी योजनाअन्तर्गत् ग्रासकार्प माछाको आहारको रुपमा पोखरीको डिलमा उन्नत त्था पोसिलो जातका घाँस लगाएको र यसबाट माछा दाना तथा आहारमा लाग्ने लागतका तुलनात्मक कमी आउने अपेक्षा गरिएको छ ।

केन्द्रले एकीकृत मत्स्यपालन प्रणालीअन्तर्गत् बंगुरसँग माछा पालन प्रणालीको विस्तारसँगै मत्स्य संग्रहालयअन्तर्गत् संरक्षित माछा नमुना तथा जीवित माछाको संग्रहालयको स्थापना तथा सञ्चालन गर्ने योजना अघि सारेको छ । जलीय जैविक विविधता संरक्षण एवम् प्रवर्द्धन तथा प्राकृतिक जलासयमा आश्रित जनसमुदायहरुको सामाजिक-आर्थिक स्तरोन्नति र जीविकोपार्जनसँग सम्बन्धित विभिन्न किसिमका कार्यक्रमहरु गर्ने योजना रहेको छ । केन्द्रले हप्ताको १ दिन खाने माछा बिक्री वितरण गर्ने योजना बनाएको कार्यक्रममा बताइएको छ ।

केन्द्रमा सवारी साधनको समस्या, जग्गा अतिक्रणको समस्या, पानीको समस्या तथा सडकको समस्या रहेको बताइएको छ । बढ्दो शहरीकरण र मत्स्यजन्य उत्पादनमा मानवीय अतिक्रमणको कारण सुरक्षामा कठिनाई हुनुका साथै प्राविधिक जनशक्तिको कमी, उत्पादनमूलक भौतिक संरचनाहरु जीर्ण रहेकोर केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका/कार्यविधिको अभाव रहेको कार्यक्रममा जानकारी दिइएको हो ।

केन्द्रले सुशासनसम्बन्धी कार्यक्रमअन्तर्गत् मासिक बैठक गर्ने गरिएको, आवश्यकताअनुसार सरोकारवालासँगको बैठक गर्ने गरिएको, कार्यक्रम सार्वजनिक गर्ने व्यवस्था गरिएको, वेवसाइट तथा गुनासो व्यवस्थापन गरिएको, सूचना अधिकारी तोकिएको र खरिद इकाई गठन गरिएको जानकारी दिइयो ।

केन्द्रका प्रमुख सरोजकुमार यादवको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका सभापति ललित घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका अधिकृत सरोज पौडेल, हेटौँडा उपमहानगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष सुशील घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

## नेपाली कांग्रेस मकवानपुरको जिल्ला सम्मेलन पुस ३ गते



समाज संवाददाता

हेटौँडाः नेपाली कांग्रेस जिल्ला कार्य समिति मकवानपुरको प्रथम जिल्ला सम्मेलन पुस ३ गते हुने भएको छ । शुक्रबार पत्रकार सम्मेलन गर्दै जिल्ला सम्मेलनमा पार्टीका केन्द्रीय प्रवक्ता एवम् नेपाल सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महत आउने जिल्ला सभापति बुद्ध लामाले जानकारी दिनुभयो ।

सम्मेलनमा पार्टीका केन्द्रीय नेता गुरु घिमिरे, पार्टीका सह-महामन्त्री महालक्ष्मी उपाध्याय डिना, बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको उपस्थिति रहने लामाले बताउनुभयो । सम्मेलन हेटौँडाको रोयल पार्टी प्यालेसमा हुनेछ । सम्मेलनमा १ हजार ८ सय प्रतिनिधि र अन्य २ सय कार्यकर्तासहित २ हजार जनाको उपस्थिति रहने सभापति लामाले बताउनुभयो ।

सम्मेलनमा आन्तरिक गतिविधिको मूल्याङ्कन गर्दै आगामी वर्षको वार्षिक कार्ययोजना निर्माणको कार्यक्रम रहेको लामाको भनाइ छ । सम्मेलनमा फरक ढङ्गले जाने बताउँदै, उहाँले भन्नुभयो 'नेपाली काँग्रेसको जिल्लामा १०२ वडा संरचना, १० पालिका संरचना, प्रदेशको ४ वटा, प्रतिनिधि २ वटा र जिल्ला संरचना १ गरी ११९ वटा संरचना रहेको छ । यसलाई तहगत रुपमा नयाँ ढंगले परिचालन गर्ने हाम्रो लक्ष्य रहेको छ । संरचना राजनीतिक रुपमा बनेको तर आर्थिक रुपान्तरण र सामाजिक रुपान्तरणका कुरामा सक्रिय भएन ।' जिल्ला सम्मेलनमा सामाजिक रुपान्तरणसहितको छलफलमा जाने सभापति लामाले दावी गर्नुभयो ।

नेतृत्व सयौंको संख्यामा रहेको तर पार्टीको गतिविधिमा संलग्न हुँदै गर्दा सामाजिक रुपान्तरण छाडेकोले सामाजिक, आर्थिक रुपान्तरणलाई जोड्दै जाने उहाँले बताउनुभयो । पालिकालाई सुहाउँदो आर्थिक, सामाजिक रुपान्तरणको कार्यक्रम पार्टीको संरचनाले गर्ने बताउँदै जनातासँग जोडिने कार्यक्रम ल्याउने लामाको भनाइ छ ।

सम्मेलनमा १५ लाख रुपैयाँ खर्च हुने सचिव इन्दिरा न्यौपानेले बताउनुभयो । पत्रकार सम्मेलनमा पार्टी सचिव भीमसेन महत, इश्वर पाठक, प्रवक्ता अर्जुन चौलागाई, प्रदेशसभा सदस्य जानुका लामालगायतको उपस्थिति रहेको थियो ।

## प्रधानमन्त्री प्रचण्ड आज हेटौंडा आउने

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' हेटौंडा आउँदै हुनुहुन्छ । प्रधानमन्त्री प्रचण्ड शनिबार मानवसेवा आश्रमको भवन उद्घाटनका लागि आउन लाग्नुभएको हो ।

एक गाँस भोजन र एक सरो कपडाको अभावमा कष्टपूर्ण जीवन बिताउन नपर्ने अवस्था निर्माण गर्ने दृढ संकल्पसहित मानवसेवा आश्रमको २०६९ साल भाद्र १३ गते मकवानपुर जिल्ला हेटौंडाबाट शुभारम्भ भएको हो । आश्रमले हाल ७ प्रदेशको विभिन्न १९ वटा जिल्लामा २४ वटा सेवा केन्द्रहरुमार्फत् सेवा दिइरहेको छ । बागमती प्रदेशमा ६ वटा, गण्डकी प्रदेशमा ५ वटा, लुम्बिनी प्रदेशमा ४ वटा, मधेश प्रदेशमा ३ वटा आश्रमको शाखा रहेको छ । यस्तै, कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक-एक वटा मानवसेवा आश्रमको शाखा छन् ।

मानवसेवा आश्रम हेटौंडामा २१ जना बालबालिका, ७६ जना महिला र १०७ जना पुरुष गरी २०४ जना आश्रित रहेका छन् । हालसम्म आश्रमले १ हजार ५ सय ८१ जनालाई उद्दार गरेकोमा ८ सय ३६ जनाको पारिवारिक पुनर्मिलन भएको, १ सय ८४ जनाको आश्रममै शरीर शान्त भएको, ४ सय २० जनाले स्वेच्छाले आश्रम छोडेको, ५१ जनाको सामुदायिक पुनर्मिलन गरेको र ३४ जनाको पुनः उद्दार गरेको छ । केही समयअघि मानवसेवा आश्रम हेटौंडाले मेची-महाकाली अभियान सञ्चालन गरी ३ सय २ जना सडक मानवको उद्दार गरेको थियो । आश्रमले सडक मानवको उद्दार गर्दै आइरहेको छ ।

## ४२ तोला सुनसहित २ जना पक्राउ




समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले ४२ तोला सुनसहित २ जना पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत अमृतसर पञ्जाबका ३४ वर्षीय तर्सिम सिंह र धनुषा जिल्लाको सबेला नगर पालिका-२ का ३९ वर्षीय हितेशकुमार साह रहेको जिल्ला प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

प्रहरीले शुक्रबार बिहान ३ बजेदेखि ५ बजेसम्मको समयमा काठमाडौंबाट वीरगञ्जतर्फ जाँदै गरेको ना ५ ख ६२१७ नम्बरको र बागमती प्रदेश ०३-००१ ख १७२७ नम्बरको यात्रुबाहक बसमा छुट्टाछुट्टै सवार गरी आएका तर्सिम र हितेशको साथबाट अवैध सुन फेला पारेको थियो । प्रहरीले दुबै जनाको साथबाट ४ सय ८० ग्राम ८३ मिलिग्राम बराबर ४९ लाख २२ हजार ६ सय २५ रुपैयाँको अबैध सुन फेला पारेको थियो । सुनसहित तर्सिम र हितेशलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारा पठाइएको छ ।

## पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौँः पेट्रोलियम पदार्थको मूल्य घटेको छ । नेपाल आयल निगमले शुक्रबार मध्यरातिदेखि लागू हुने गरी पेट्रोल प्रतिलिटर ३ रुपैयाँ र डिजेल/मट्टितेल प्रतिलिटर ३/३ रुपैयाँले घटाउने निर्णय गरेको जानकारी दिएको छ । नयाँ मूल्यसूची अनुसार अब उपत्यकामा पेट्रोल प्रतिलिटर १ सय ६७ र डिजेल/मट्टितेल प्रतिलिटर १ सय ५७ रुपैयाँ पर्नेछ ।

**हार्दिक स्वागत**

सहयोगापेक्षी सडकआश्रित मानव उद्धार, उपचार एवम् आश्रयस्थल मानव सेवा आश्रम, मुख्य सेवा केन्द्र, हेटौंडाको मिति २०८० मंसिर ३० गते हुने मुख्य भवनको समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दहाल "प्रचण्ड"ज्यूलाई औद्योगिक एवम् हरित नगरी हेटौंडामा यस संघको तर्फबाट हार्दिक स्वागत गर्दछौं ।

सम्माननीय प्रधानमन्त्रीज्यूको मकवानपुर जिल्ला भ्रमणले जिल्लाको राष्ट्रव्यापी प्रचार हुने र जिल्लाको सर्वाङ्गिण विकासमा कोसेढुंगा सावित हुने विश्वास लिएका छौं । हामी 'मकवानपुर उद्योग वाणिज्य संघ' प्रधानमन्त्रीज्यूको भ्रमणको संस्थागत रुपमा स्वागत र उहाँप्रति सम्मान व्यक्त गर्दछौं ।

धन्यवाद ।

**कृष्ण कुमार गुप्ता (अध्यक्ष)**

**तथा**

**मकवानपुर उद्योग वाणिज्य संघ परिवार**

# सपनाका बगैंचा



✍ दृशिका कँडेल

किन लाग्छ मेरो बगैंचामा
कसैको नजर नलागोस्
आफ्ना अन्तरमनको बिउ बिजनलाई रोपेकी
बगैंचामा कसैको नजर नलागोस्
रङ्ग छ अनेक सुवास छर्छन अमूल्य
भावनाका आकृतिमा
कसैको नजर नलागोस्

कहिले झरी,कहिले किरण गरी,
परिवर्तन भएको छ आकृति
मेरा सपनाका संसारमा
कहिले दुःख त कहिले सुख
भोगेका छन्
र त
बगैंचाको तस्वीर आफ्ना आँखामा छापिरहँ
आफ्नो यथार्थमा आफ्ना अमिट सिर्जनाको पाइला उचाल्न
यही बगैंचाले सिकाउँछ
जीवनको सत्य,कण कणमा रहेको
प्रश्नलाई हटाइदिन्छ
सहज बनाउँछ आफ्ना लक्ष्यको कदम

बाल्यकाल देखिनै, रोपेकी मैले यस बगैंचा
आज किन हो लाग्छ यही
बगैंचामा आफ्ना दुःख बिसाउँभैं
दुःख आँखामा पगिलिएका आँशु अचानक जमिदिन्छन्
खुशीका किरणले
आफैं छुन खोजेका हुन्छन् मेरा धडकनलाई
दिनमा यहि बगैंचामा आफ्ना
अझैं रङ्गीन पुष्पहरु रोप्दै जाउँ
शीतल रजनीमा ताराका अविस्मरणीय समूह गन्दै जाने इच्छा
उजागर गर्न सपनाका बगैंचाले सघाउँछन्

मनलाई फुरुङ्ग बनाइदिन्छन्
ठेस लाग्ने ढुङ्गा जम्मा गरेर राखेकी छु मैले,
मेरा सपनाका बगैंचामा कसैको नजर नलागोस्
जहाँ रङ्गीन पुतलीले आफ्ना मिठास छोडेका छन् ।।

बगैंचाका फूलहरु उभ्कारयो भने
मेरो मन रुन्छ
सोच्छु
म कसरी अघि बढौंला
मेरा सपनालाई साकार कसरी बनौंला
तर
अचानक फेरि किरण
फर्कर आएको हुन्छ
मेरो गोरेटोलाई प्रकाश दिलाएको हुन्छ
लाग्छ
मेरा सपनाको बगैंचामा कसैको नजर नलागोस् ।।

कक्षा-९

# मेरा बा



✍ श्रीमद पुडासैनी

आफन्तले यो गर्छ त्यो गर्छु भन्छन्,
फेरी सहयोग चाहिँदा पछाडी सर्छन,
हामीले बा लाई जे भने पनि चुप लागी सहन्छन्,
फेरी सहयोग चाहिँदा बा नै सबै काम गर्छन् ।

आफूले नखाई नखाई हामीलाई पाल्छन्,
जति गारो भएपनि केही भएको छैन भनेर आफ्नो दुःख टाल्छन्,
हामीले जे भन्यो त्यही कुरा मान्छन्,
पैसा नभए पनि छ भन्छन्,

*कक्षा-४, (तारा)*
*बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# "मलाई मेरै बाटोमा हिँड्न देऊन !!!"



✍ आर्बिका गौतम

मलाई मेरै बाटोमा हिँड्न देऊन,
मलाई तिमी हिँडेको बाटो हिँड्न नआउने हैन
तर
यदि मैले पनि
तिमी जस्तै सुखको बाटो मात्र खोज्दै हिँडे भने
मैले संघर्षको महत्व कहाँ बुझुँला र
यदि म पनि
तिमी जस्तै अरुको सफलता देखेर रमाए भने
मैले मेरो जीवनको सफलताको महत्व कहाँ बुझुँला
त्यसैले भन्दै छु
मलाई मेरै बाटोमा हिँड्न देऊन
मैले फुल देखेर रमाउनु छैन
किनभने
मैले काँडाको पनि महत्व बुझ्नु छ
मेरी आमालाई
ती सारा संसारले लगाएको बचनको घाउमा
मलम पट्टि लगाउनु छ
र
बाबाका पसिना पुछ्न
एउटा नरम र सफा रुमाल बन्नु छ
म थाकी सकें
अरुको सन्तानको स्थानसम्म पुग्न
तर यतिकै रोकिन्न र थाक्दिन
ता कि
आमाबाबाको मुहारमा खुशी ल्याउन सक्ने सफलता प्राप्त
र
इति सम्म अघि बढ्नु सकूँ
खुट्टा तान्नेहरुको समूह र
कुरा काट्नेहरुको हुलमा रमाउन सकूँ
बस यति नै हुन्
मेरा जीवनका इच्छा र आकांक्षाहरु ।।

*कक्षा-८, 'ग'*
*ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालय*

# मेरो "बा" को संघर्ष



✍ बिनिता परियार

तिम्रो काँधमा भएको ति जिम्मेवारी
सम्झना आउँछ बा, मलाई घरी घरी ।।

न थाकेको देखें कहिल्यै न भोकाए कै
परिवार धान्न दुःख गर्छौ जस्तोसुकै ।।

कै कसरी सक्छौ, चिन्ता र दुःख सबै लुकाउँछौ
परिवारको खुशीमा नै तिमी खुशी हुन्छौ ।।

आफ्नो फाटेको इष्टकोट र फाटेको चप्पल हेरेनौ
मैले चाहिएको कुरा दिन इन्कार कहिल्यै गरेनौ ।।

सपना छन् तिम्रा पनि, ती सबै मारेर
रक्षा गर्यौ हामीलाई, हाम्रो ढाल बनेर ।।

सफलताको शिखर चढ्न मलाई सिकायौं
मलाई उच्च बनाउन, आफू सधैं होच्यौं ।।

बा, तिमी महान् व्यक्ति हौ
घर अडाउने घरको खम्बा हौ ।।

तिम्रो संघर्षको वर्णन गरुँ म कसरी
शब्द छैन मुखमा, भनु म कसरी ।।

*कक्षा-१०, चन्द्रोदय मावि, हेटौंडा-८*

# काण्ड सरकार



✍ राहुल यादव (Rolex)

काण्डै काण्डको देशमा
एक पछि अर्को काण्ड भो,
एउटा सुन्न बाँकी
फेरि नयाँ काण्ड भो ।

श्रणार्थी बोकी आकाश उड्छ
सुन लिएर फर्किन्छ,
त्यो काण्ड त छदै छ
फेरि Ncell मा काण्ड हुन्छ ।

IQ नभए नि के हुन्छ
खुरपती त छदै छ,
जनताले के हुन्छ
पैसा त छदै छ ।

नागरिकता, जग्गा, हवाई र सुन
जस्ता कयौं काण्ड भो,
करोडको काममा
अर्बौको फेरि काण्ड भो ।

## गाउँखाने कथा

१. चम्कन्छ तारा होइन, मोतीजस्तो छ मोती होइन, टिप्दाखेरी बिलाउँछ फुस्सा होइन ।
• कर्कलाको पानीको थोपा

२. चरा होइन उड्छ, बत्ती होइन बल्छ ।
• जुनकिरी

३. चरी होइन चुच्चो छ, जन्तु होइन खुट्टो छ, आफू बिराम गर्दैन, परिआए पछि सर्दैन ।
• चुलेसी

४. चाँदीको जगमा सुनको कौडा, हातले बटारे भुईंमा दौडला ।
• मकै

५. चाँदीको ठेकीमा स्याउलाको बिर्को ।
• मूला

# प्यालेस्टाइन तिम्रो हो



✍ कृष्णकुमार वैद्य

प्यालेस्टाइन तिमी
रगतमा लट्पटिएका छौ
बलिन्द्र अश्रु झारिरहेका छौ
असंख्य पीडा सहिरहेका छौ
बालबच्चा, महिला, बृद्धबृद्धाको
लासैलास देखेर शोकमा डुबेका छौ ।

प्यालेस्टाइन तिमी
घरवारविहीन भएका छौ
भोक प्यासले मरिरहेका छौ
आफ्नै भूमिबाट लखेटिएका छौ
खरानी भइसके सम्पूर्ण संरचनाहरू
भग्नावशेषमा परिणत भइसकेका छौ ।

प्यालेस्टाइन तिमी
भूमि रक्षाको निम्ति जुट्नुपर्छ
चिहानबाट जऱ्याकजुरुक उठ्नुपर्छ
झुक्ने छैनौ फासीवाद, साम्राज्यवाद सामु
कायर भएर लुक्ने छैनौ लुटेराहरूको सामुन्ने
प्यालेस्टाइन तिम्रो हो, तिमीहरूकै मातृभूमि हो ।


*बनेपा-९, काभ्रे*

# चित्रकला





नवनिता श्रेष्ठ
कक्षा-६, माउण्ट एभरेष्ट इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-८






दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-५






सुयोग बर्तौला
कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२





रुपेश कोइराला
कक्षा-४, निर्मल मावि, हेटौंडा-१९

# आमाको माया



✍ **युनिक थापा**

दयाकी खानी सुन्दरताको रानी
आमा तिमी मेरो सफलताको छहारी
नौ महिना काखमा राखी कष्ट झेल्यौ
दश धारा दुध खुवाई मलाई हुर्कायौ ।।

माया त मैले अरुबाट पनि पाए
निस्वार्थ प्रेमको भण्डार तिमीमा भेट्टाए
मेरो लागि अनमोल उपहार हौ तिमी
महान् देवीको रुपमा सम्मान गर्छु म सधैं ।।

सधैं मेरो प्रेरणाको स्रोत बन्यौ
उचित शिक्षा र संस्कारले लायक बनायौं
मेरो भविष्यलाई सफलतातिर लुकायौं
हातका औंला समाई सुमार्ग तर्फ डोऱ्यायौ ।।

पक्कै म तिम्रो असल छोरा बन्नेछु आमा
संसार चकित बनाई आफ्नो नाम उजिल्याउने सारा
तिम्रो आर्शीवाद छ मेरो अटल शरीरमा
पीर नलिउ आमा फूल पक्कै फुल्छ अब भीरमा ।।

*कक्षा-८, कमाने एकेडेमी*

# "राम्रो मान्छे बनौं"



✍ **मृदुषा ढकाल**

ए नानी बाबु
सुन एउटा कुरा
सबैलाई सहयोग गर
र राम्रो मान्छे बन ।।

सबैलाई माया गर
न गर हेला
सानालाई माया गर
ठूलालाई आदर

रिसाउन हुँदैन
तिमलाई पर्छ हानी
बरु सबैलाई माया गर्ने
बनाउनु है बानी ।।

आज त छौ साना साना
भोली ठूलो हुनेछौ
राम्रो मान्छे बनेर
देशको मुहार फेर्नेछौं ।।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# बचत गर्ने बानी



✍ **दिव्या लक्ष्मी भट्ट**

एकादेशमा एउटा गाउँ थियो । त्यहाँ धनकुमारी नामकी एउटी केटी बस्थिन् । उनी नामकी मात्रै धनी थिइन् ।

धनकुमारीसँग खेतबारी केही थिएन । उनी वास्तवमा गरिब थिइन् । उनीसँग केवल बस्नलाई एउटा सानो छाप्रो थियो । धनकुमारीलाई लाउन-खान पनि समस्या हुन्थ्यो । उनको अवस्था देखेर गाउँका महिलाहरुले उनलाई समूहमा काम दिए । काम गरेर आएको पैसाबाट उनले अलि अलि बचत गरिन्न । धनकुमारीले बचत गरेको पैसा समूहमा लगानी गरिन् । गाउँलेले उसलाई पनि समूहको सदस्य बनाइदिए ।

विस्तारै धनकुमारी धनी हुँदै गइन् । त्यसपछि धनकुमारी नाम मात्र होइन, साँच्चिकैकी धनी भइन् ।

सन्देशः हामीले बचत गर्ने बानी गर्नुपर्छ ।

*कक्षा-५*
*नवोदय शिशु सदन् मावि*
*हेटौंडा-४*

# सात‍ाको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: समय मध्यम फलदीय रहेको छ । पढाइ लेखाईको काममा मन लाग्ने योग छ । व्यापार र व्यावसायी ठिकै छ । आँटेको र तोकेको पुरा हुने योग छ । धार्मिक र शारिरीक काममा शरिक भइने योग छ । परोपकारी कामबाट सन्तुष्टि मिल्ला । परिश्रम गरे भन्दा राम्रो परिमाण आउने योग छ । हिम्मत र साहसले हरेका क्षेत्रमा सफल भइने छ । भोजभतेरमा शरिक भइने योग छ । परोपकारी कामबाट सन्तुष्टि मिल्ला ।

**वृष राशि**: सवारी साधन र हातहतियारबाट सजकता अपनाउनु होला । घरायसी प्रयोजन वा प्रर्वद्धनमा समय बित्ला । व्यापार व्यवसायीको कमजोरी घटाउन प्रयास बढ्ने छ । जोखिम र संकल लिएर गरेको काम लाभदायी होला अध्ययन र अध्यापनको काम मध्यकारक हुनेछ । परिवारमा मदभेद बढ्ला । परिक्षा प्रतियोगितामा सफलता होला । मन चञ्चले हुने योग छ ।

**मिथुन राशि**: साझेदारी र सहकार्यका लागि उपयुक्त समय छ । पारिवारिक रमाइलो बढ्ने योग छ । साहित्यक साङगितक क्षेत्रमा रुचि बढ्ने योग छ । माया प्रेमको लागि उपयुक्त समय छ । आनन्द उल्लास र वनभोजमा समय बित्ला । व्यापार व्यावसाय मध्यम मान्नुपर्छ । जीवन साथीसँग रमाईलो समय बित्ला धार्मिक, सामाजिक र परोपकारी काममा सयम बित्ने योग छ ।

**कर्कट राशि**: कार्यक्षेत्रमा होस र उपलब्धी हात पर्नेछ । विभिन्न क्षेत्रबाट लाभ प्राप्त हुनेछ । समग्रमा चुनौति मार्फत उपलब्धीको खोजी होला । रिसराग बढ्ने समय छ । विवादबाट बच्दा राम्रो होला । धर्नाजनको दृष्टिले उपयुक्त समय छ । पढाइ लेखाईमा मध्य समय छ । जीवन साथी र सन्तानको सहयोग जुट्ने योग छ । परीक्षामा भने राम्रो सफता मिल्ला ।

**सिंह राशि**: ज्ञान प्रवाह बढ्ने समय हो । सकारात्मक सोच, दृष्टि र इच्छा शक्तिको प्रयोग गर्दा राम्रो लाभ प्राप्त होला । प्रेम र दामपत्य जिवन मध्यम नै रहला । वनभोजमा समय व्यतित होला । आत्मविश्वास वृद्धि हुने योग छ । पढाइ लेखाइका काममा सरिक भइने छ । सभा सामारोहमा सम्बोधन होला । धार्मिक यात्राको योग छ ।

**कन्या राशि**: घर परिवारप्रति चासो बढ्ला । संवेदनशील बन्ने योग छ । व्यक्तिगत जीवनको लागी समय झिकिएला । स्वयम आफुलाई बुझ्ने र समस्या पहिचान गरेर हिड्ने योग छ । स्वास्थ्य सबल रहेको छ । आक्रमक व्यवहारले आफूलाई हानि होला । अध्यन-अध्यापन मध्यम रहको छ । धार्मिक र साहित्यिक क्षेत्रमा मन जाला ।

**तुला राशी**: परिश्रम गर्ने समय छ । सामाजिक प्रतिष्ठान कायम राख्न, व्यक्तित्व विकास गर्ने समयको योग छ । सम्मानित र चर्चित व्यक्तिको साथ सहयोग प्राप्त होला । प्रतिस्पर्धीलाई लाई पछि पार्ने समय योग छ । परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला । सामाजिक र धार्मिक कार्यमा प्रयोजन बढ्ने छ ।

**वृश्चिक राशी**: समय ठिकै छ । पढाइलेखाइमा मन जाला । धार्मिक सामाजिक कार्यमा मन व्यतित होला । यात्राको योगमा सरिक भइने छ । आफन्तको सहयोग मिल्ने छ । चुनौति पन्छाउने समय छ । वैदेशीक रोजगारीमा मन जाला । व्यापार र व्यावसाय मध्य हुनेछ । प्रतियोगिताको दृष्टिले उपयुक्त समय छ ।

**धनु राशी**: नयाँ योजना कार्य गर्न उपयुक्त समय छ । आँटेको कामहरु पुरा हुनेछ । आत्मबल बढ्नुका साथै मानिसकतामा दृढता देखा पर्ला । अभिभावकको संगतले लाभ मिल्नेछ । घर परिवारमा सन्तुष्टि प्राप्त होला । अनावश्यक चिन्ता बढ्न सक्छ । पढाइ, लेखाई र धार्मिक कार्यमा सरिक भइने छ ।

**मकर राशी**: समय ठिकै छ । प्राज्ञिक क्षेत्रलाई सकिने योग छ । काममा बाधा देखिए पनि आत्तालिनु पर्दैन । परहितका लागि केही लगानी गरिएला । पारिवारिक जीवन सन्तोषप्रद नै छ । व्यापार र व्यावसाय ठिकै छ । सामाजिक र धार्मिक कार्यमा सरिक भइने छ ।

**कुम्भ राशि**: पारिवारीक, बाल्यपन रमणीय र आन्नद होला । भेटघाट र मिलनको समयको योग छ । भावना साटासाट गर्दा मनको बोझ हल्का हुनेछ । कार्यक्षेत्रको असजिलो मानिएको विषयमा परिर्चचा हुनेछ । प्रतिष्ठान जोडिएको विषयमा सफलता मिल्ला । वैदेशिक यात्राको काममा समय बित्ला ।

**मीन राशि**: मिहेनतले लक्ष्य प्राप्तिको काम सम्पादन होला । हरेक क्रियाकलाप र निर्णयमा हडबढ नगर्दा राम्रो रहन्छ । जग्गा जमिनको काममा मन जाला । सामाजिक र धार्मिक आलश्य त्यागेर काम गर्दा मोहत्वपूर्ण आधार आइपर्ला । कार्यमा सरिक भइने छ । अध्ययन र अध्यापन ठिकै छ ।

# किताब

किताब हो ज्ञानको धारा
किताब नै हो विद्यार्थीको साहारा

नयाँ नयाँ किताब पढ्दै
गरौं ज्ञानको विकास
किताब पढ्दा जहिले पनि
हुँदैन ज्ञानको अभाव



✍ **रोशिका भट्टराई**

मिलिजुली किताब पढ्दै
देशको विकास गरौं
किताबको पुजा गर्ने गरौं
अनि अघि अघि बढौं

किताबको सम्मान गरौं
सुन्दर नेपाल बनाऔं ।

*कक्षा-१०, अमर मावि*
*हेटौंडा-१, चाइनाक्वार्टर*

# बुवा



✍ **मन्जिला पुडासैनी**

दिन र रात कसरी
काट्यौं एक छाक खाएर
तिम्रो नै छोरी भएर
जन्मे सौभाग्य पाएर ।

आफूले दु:ख गरेर
हामीलाई राख्यौनी सुखमा
तिम्रो वर्णन गर्नलाई
शब्द छैन यो मुखमा ।।

तिम्रो त्यो दु:ख हेरेर
सधैं राम्ररी पढ्नेछु
आर्शिवाद तिम्रो छ मलाई
सधैं अगाडी बढ्नेछु ।।

कामको निम्ती हिड्याछौं
तिमी भौतारी भौतारी
तिम्रो त्यो दु:ख बिसाइदिने
बन्न सकुँ म चौतारी ।।

*कक्षा-१०, श्री चन्द्रोदय मा. वि.*

तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए
समृद्ध समाज
राष्ट्रिय दैनिक

# आमा



✍ **मन्जित शाह**

आमा हुन जगत जननी
आमा नै हुन् संसार
आमाको प्रेम अमूल्य भाव
आमाको महिमा छ अपार ।

आमाको नेत्रमा अस्तु देखे संसार सारा झुक्दछ
आमाको प्रेम भावमा संसारको माया मिल्द छ
उनी हुन् जगत जननी
उनी नै हुन संसार ।
कर्तव्य हाम्रो बन्द छ गरौं नारी सम्मान ।

घरी कैयौं रुप बनाइदिनु कैयौं आकार
आफू खाई-नखाई सन्तानलाई पुऱ्याउँछिन् आहार ।
सदैव चाहन्छिन् उनी होओस् सन्तानको सपना साकार ।

हे आमा सधैं समाई राख्नु यी हात
छोड्ने छैन म तपाइँलको साथ
सपना हजारौं गरी साकार उच्च पर्नेछु
हजुरको नाममा ।

*कक्षा-१०, भुटनदेजी मावि, हेटौंडा-४*

# छायाँ



✍ **श्रद्धा दाहाल**

कहिल्यै छोड्दैन यसले मेरो साथ
अँध्यारो होस् या उज्यालो दिन्छ सधैं हात ।।

म मर्ने दिनसम्म हुन्छ मेरो पास
म सँगै जानेछ यसको सास ।।

मैले जे गऱ्यो त्यही गर्छ
कहिले कुरकुर, पुतली बनी जिस्क्याउँछ ।।

जहाँ गयो त्यहिँ पछि लाग्छ
मिठो होस या नमिठो त्यही खान्छ ।।

कठिन समयमा पनि दिन्छ साथ
हुन्छ यसको मायामा नि:स्वार्थ भाव ।।

हसाउँछ मलाई म रिसाएर बस्दा
खुसी छु म अर्को साथी छायाँ पाउँदा ।।

*कक्षा-७, 'क'*
*माउण्ट एभरेष्ट इंग्लिस बोर्डिङ्ग स्कुल*




# स्काउट विद्यार्थीलाई पोशाक वितरण

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-१ स्थित सूर्य माध्यमिक विद्यालयका ५५ जना स्काउट विद्यार्थीलाई पोशाक वितरण गरिएको छ । बागमती गाउँपालिका १ नम्बर वडा कार्यालयले बिहीबार स्काउट विद्यार्थीलाई ट्र्याकसुट वितरण गरेको हो ।

पोशाक वितरण कार्यक्रम सूर्य स्काउट ट्रुपको आयोजना तथा बागमती गाउँपालिका १ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा भएको सूर्य स्काउट ट्रुपका संयोजक राजकुमार राईले जानकारी दिनुभयो । कार्यक्रम सूर्य स्काउट ट्रुप इकाई अध्यक्ष तथा सूर्य माविका प्रधानाध्यापक दिलबहादुर भोलनको अध्यक्षता, बागमती गाउँपालिकाको १ नम्बर वडा अध्यक्ष यहुन्ना राईको प्रमुख आतिथ्य तथा बागमती गाउँपालिका शिक्षा शाखा प्रमुख प्रमोद राईको विशिष्ट आतिथ्यमा भएको हो ।

विद्यालयमा सञ्चालित स्काउट ट्रुपका विद्यार्थी र स्काउट शिक्षकहरुलाई हौसला प्रदान गर्ने उद्देश्यले पोशाक वितरण गरिएको वडा अध्यक्ष यहुन्ना राईले बताउनुभयो । बागमती गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को शिक्षातर्फको वार्षिक स्वीकृत बजेटअन्तर्गत् शिक्षाका विविध कार्यक्रम शीर्षक बजेटबाट पोशाक खरिद गरी वितरण गरेको वडा अध्यक्ष राईले बताउनु भयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डोरबहादुर थापा क्षेत्री, पूर्वप्रधानाध्यापक वीरबहादुर राई, रत्नबहादुर राई, संस्थापक शिक्षक सूर्यबहादुर राईलगायतको आतिथ्य रहेको थियो । कार्यक्रममा वडा सदस्य हस्त थिङ, वन अधिकृत नरेश महतो, पूर्वशिक्षक भुवनप्रसाद राईलगायतका व्यक्तिको उपस्थिति रहेको थियो । बागमती गाउपालिकाको सूर्य माविमा मात्र स्काउट कार्यक्रम सञ्चालन भइरहेको संयोजक राईले बताउनुभयो ।

# ३२ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः सानिमा बैंकको हेटौंडा शाखाको आयोजनामा भएको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन् । शुक्रबार बिहान हेटौंडा-४, पारिजातपथस्थित कार्यालय परिसरमा आयोजना गरिएको कार्यक्रममा ५ महिला र २७ पुरुषले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

सानिमा बैंकको १९ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो । अहिले रक्तसञ्चार केन्द्रमा एबी पोजेटिभ र ए पोजेटिभ रगतको अभाव भएको सापकोटाले बताउनुभयो । यसअघि बिहिबार हेटौंडा-१७, हटियास्थित हटिया बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आयोजना गरेको रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका थिए । सहकारीको १६ औं स्थापना दिवसको अवसरमा बिहिबार रक्तदान कार्यक्रम भएको थियो । आज शनिबार हेटौंडा-९, धापटोलमा मानवेश्वर युवा क्लबको आयोजनामा रक्तदान कार्यक्रम हुने भएको छ ।

# गाँजासहित साह पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हेटौंडा-१०, बसपार्कबाट १० किलो लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा जिल्ला जितपुर सिमरा उपमहानगर पालिका-१७, रामनगरका २२ वर्षीय श्रवणकुमार साह रहेको जिल्ला प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार मध्याह्न १२ बजेको समयमा बसपार्कको अग्नी बसको काउण्टरनजिक बसेका साहलाई प्रहरीले सुरक्षा जाँच गर्दा लागूऔषध गाँजा फेला पारेको थियो । साहले बोकेको कपडाको झोलाबाट लागूऔषध गाँजा १० किलो बरामद गरेको प्रहरीले जनाएको छ । लागूऔषध गाँजासहित साहलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको छ ।

# ललितपुर र झापाको बराबरी

काठमाडौंः नेपाल सुपर लिग २ अन्तर्गत शुक्रबार भएको ललितपुर सिटी फुटबल क्लब र झापा फुटबल क्लबको खेल बराबरीमा सकिएको छ ।

दशरथ रंगशालामा दुवै टोलीले गोल गर्न नसक्दा अंक बाँडिएको हो । दुवै टोलीका लागि लिगमा यो चौथो बराबरी रह्यो । ललितपुर ६ खेलमा ११ अंकका साथ दोस्रो स्थानमा छ भने झापा ६ खेलमा ७ अंक जोड्दै पाँचौमा छ ।

चौथो मिनेटमा ललितपुर सिटी एफसी अग्रता लिनबाट थोरैले मात्र चुक्यो । दिनेश हेन्जनले बक्स बाहिरबाट गरेको प्रहार क्रसबारमा लागेपछि झापा पछि पर्नबाट बच्न सफल भयो । सातौं मिनेटमा अन्जन विष्टको पासमा आवास लामिछानेले बक्स बाहिरबाट लिएको प्रहारमा उनले सोचेजस्तो सम्पर्ण बनाउन सकेनन् । १३औं मिनेटमा मिडफिल्डमा विवेक पौडेलले बल नियन्त्रणमा लिन नसकेपछि झापाका सुमित श्रेष्ठले मौकाको फाइदा उठाएर अन्जन विष्टले लागि खेलेको पासमा ललितपुरका फ्रेन्च गोलरक्षक जेफ्री बाल्टुस लाइन अगाडि आएर बल समाते । २३औं मिनेटमा अन्जन विष्टका लागि वान अन वान अवसर सिर्जना हुँदा अन्तिम समयमा सनीश श्रेष्ठको ट्याकलले झापा अग्रता बनाउनबाट चुक्यो ।

३७औं मिनेटमा ललितपुरका निखिल कदमको क्रसमा इमोह इजीकिएलको हेडरले पोस्टको दिशा लिन सकेन । ४५औं मिनेटमा अनन्त तामाङको गल्ती पछि बाल्टुसले ललितपुरको बचाउ गरे । छिरिङ गुरुङको क्रस क्लियर गर्ने क्रममा राम्रो सम्पर्क नबनाएर अनन्त चिप्लिएपछि जोर्जगे सान्चेजका लागि अवसर बनेको थियो । तर बाल्टुसले सान्चेजको प्रहार आफ्नो खुट्टाले बचाए । ४८औं मिनेटमा दिनेशको क्रसमा निखिल कदमले बक्स भित्र प्रहार गर्ने क्रममा बलमा सम्पर्क बनाउन सकेनन् । सोही मिनेटमा सनीशको क्रसमा केबेको हेडर स्टेफन कुपिचले बचाए । ५०औं मिनेटमा इमोहको क्रसमा केबेको अर्को प्रहार पनि कुपिचले विफल पारे । ५७औं मिनेटमा अन्जनको बक्स भित्रबाट गरेको प्रहार पनि पोस्टको दिशामा गएन । ६२औं मिनेटमा दिनेशको बक्स बाहिरबाट गरेको प्रहार डिफ्लेक्ट भएर पोस्टको केही माथिबाट बाहिरि यो । त्यसपछिको कर्नरमा सेसेहाङले खाली र हेको अवस्थामा चाहेजस्तो प्रहार गर्न सकेनन् । ८७औं मिनेटमा इमोहको ओभरहेड प्रहार पोस्ट बाहिर जान पुग्यो । इन्ज्युरी समयको पहिलो मिनेटमा इमोहले बक्स भित्रबाट पोस्टको धेरै माथि गरे । तेस्रो मिनेटमा सनीशको क्रसमा केबेको हेडर छिरिङले ब्लक गरे । *स्रोतः हाम्रो खेलकुद ।*

# ७ महिना जेल बसेर छुटे पूर्व गृहमन्त्री खाँण




काठमाडौंः नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका पूर्वगृहमन्त्री बालकृष्ण खाँण ७ महिना जेल बसेर शुक्रबार छुटेका छन् । उच्च अदालत, पाटनका न्यायाधीश कृष्णराम कोइरालाको इजलासले ३० लाख धरौटीमा छाड्न आदेश दिएका थिए । खाँणले आइतबार जिल्ला अदालत, काठमाडौंमा ३० लाखको बैंक ग्यारेन्टी बुझाए । त्यसपछि उनलाई सम्पत्ति शुद्धीकरण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लगिएको थियो ।

शुद्धीकरण अनुसन्धान विभागले पनि खाँणलाई १५ लाख धरौटीमा छाड्न आदेश दियो । खाँणले बैंक ग्यारेन्टी राखेका छन् । अख्तियारले साधारण तारेखमा छाड्ने निर्णय गरेको प्रवक्ता नरहरि घिमिरेले बताए । अदालत, सम्पत्ति शुद्धीकरण र अख्तियारबाट छुटेपछि खाँण थुनामुक्त भएका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणले प्रहरीले उनलाई २७ वैशाखमा पक्राउ गरेको थियो ।

*(स्रोतः अनलाइनखबर)*

# मोटरसाइकल दुर्घटनामा विकलको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं छोटोमार्गअन्तर्गत भीमफेदी-कुलेखानी सडकखण्डको जुरिखेतमा मोटरसाइकल दुर्घटना हुँदा हेटौंडा-३ का विकल सारु मगरको मृत्यु भएको छ । बुधबार राती ८ बजेर ५५ मिनेटको समयमा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश ३-०२-००८ प ४२४० नम्बरको बुलेट मोटरसाइकल भीमफेदी-६, जुरिखेतमा आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो ।

दुर्घटनामा परी गम्भीर घाइते भएका २५ वर्षीय विकलको उपचारको क्रममा हेटौंडा अस्पतालमा बुधबार राती ११ बजेर ४७ मिनेटको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मोटरसाइकलमा सवार मनहरी गाउँपालिका-९ का २४ वर्षीय प्रशान्त गिरी भने सामान्य घाईते भएको प्रहरीले जनाएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

हार्दिक समवेदना



जन्मः
२००६ साल

स्व. लालमाया परियार

स्वर्गारोहणः
२०८०/०८/१८

मालपोत कार्यालय मकवानपुरका अधिकृत भीम बहादुर परियारकी ममतामयी आमा **लालमाया परियार**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सोमबहादुर अधिकारी
प्रमुख मालपोत अधिकृत
एवम् मालपोत कार्यालय मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

# कांग्रेसले एक महिने अभियान सञ्चालन गर्ने

काठमाडौंः नेपाली कांग्रेसले एक महिने अभियान सञ्चालन गर्ने भएको छ । कार्यसम्पादन समितिको बैठकले एक महिने अभियान सञ्चालन गर्ने शुक्रबार निर्णय गरेको हो । १६ पुसदेखि १६ माघसम्म वडा तहसम्म पार्टी प्रतिनिधि परिचालन गरिने कांग्रेसले जनाएको छ । स्थगित भएको दोस्रो चरणको 'समुदायमा कांग्रेस' अभियान १६ पुसदेखि गर्न लागिएको छ । गर्ने । अभियानका लागि ७७ वटै जिल्लामा प्रतिनिधि खटाउने कांग्रेसले जनाएको छ ।

साउनमा बसेको केन्द्रीय समिति बैठकले भदौ १० देखि २४ सम्म 'समुदायमा कांग्रेस' अभियान गर्ने निर्णय गरेको थियो । उक्त अभियान भने पार्टीले स्थगित गरेको थियो । पार्टी संगठन र नागरिकसँग जोडिने दुबै कार्यक्रम हुने महामन्त्री गगन थापाले जानकारी दिए । 'यो अभियानमा पदाधिकारी पनि खटाउँछौं,' महामन्त्री थापाले भने, 'संगठनका काम र समुदायसँग जोडिने काम गर्नुहुन्छ ।' पार्टीले खटाउने प्रतिनिधिले तल्लो तहमा भएका विवाद मिलाउने जिम्मेवारी समेत पाएका हुन्छन् ।

मंसिर १२ देखि बोलाइएको केन्द्रीय समिति बैठक मुख्यगरि सरकारको भूमिकामा केन्द्रित हुने महामन्त्री थापाले जानकारी दिए । यसअघि पदाधिकारी बैठकमा भएको छलफल अनुसार केन्द्रीय समितिमा मूलभूत रुपमा सरकारको काम कारबाहीमा केन्द्रीत रहेर छलफल हुने भएको छ । सरकारकै विषयलाई प्राथमिकता दिएर कांग्रेसले पहिलोपटक केन्द्रीय समितिको बैठक गर्न लागेको छ । कांग्रेसबाट केन्द्रीय सरकारमा नौ जना मन्त्री छन् । बैठकमा कांग्रेसबाट मन्त्री भएकाहरुले यो अवधिमा भएका मन्त्रालयगत कार्यको जानकारी बैठकमा राख्ने छन् ।

बैठकले साउन १० मा सार्वजनिक वार्षिक क्यालेण्डर परिमार्जन गर्ने निर्णय गरेको छ । वार्षिक क्यालेण्डर परिमार्जनको जिम्मेवारी महामन्त्री थापाले पाएका छन् । *(स्रोतः अनलाइनखबर)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा



अब
होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत

सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ